# कालिका गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
धैबुङ्ग, रसुवा

प.सं :०७४/७५
च.नं.:

सूचना !　　　　सुचना !!　　　　सूचना !!!

प्रथम पटक प्रकाशित मिति :-२०७४/०८/२४

२०७५ असार मसान्तसम्मको लागि यस गाउपालिकामा क्रियाशिल NGO/INGO हरुको क्रियाकलापलाई व्यवस्थित तथा मर्यादित तवरबाट संचालन गर्न र क्रियाकलापहरुलाई अध्यावधिक गर्नुका साथै गाउपालिकाको अन्य कम्प्युटर सम्बन्धी काम गर्न १(एक) जना कम्प्युटर अपरेटर करार सेवामा राख्नु पर्ने भएकोले कालिका गाउ कार्यपालिकाको मिति २०७४।०७।१६ का निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ । तपसिलको योग्यता पुगेका उम्मेद्वारहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र व्यक्तिगत विवरण, नागरिकताको प्रमाण पत्र, शैक्षिक योग्यताको प्रमाण पत्रहरु, अनुभवका प्रमाण पत्रहरु संलग्न गरी यस गाउपालिकाको पदपुर्ति समिति समक्ष दरखास्त दिन हुन अनुरोध छ ।

तपसिल

१. योग्यता:- मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्युटर विषय लिई प्रमाणपत्र तह वा सो सरह उतिर्ण वा मान्यता प्राप्त शिक्षण संसथाबाट प्रमाणपत्र तह वा सो सरह उतिर्ण गरी रजिष्टर संस्थाबाट कम्तीमा ६ महिनाको कम्प्युटर तालिम प्राप्त वा मान्यता प्राप्त शिषण संस्थाबाट प्रविणता प्रमाण पत्र तह वा सो सरह उतिर्ण गरी विज्ञान प्रविधि मन्त्रालयबाट Skilled manpower को लागि संचालित ६ महिनाको कम्प्युटर तालिम प्राप्त गरेको ।
२. उमेर- १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको ।
३. नेपाली नागरिक हुनपर्ने ।
४. नैतिक पतन हुने फौजदारी अभियोगमा सजाय नपाएको ।
५. आवेदनसाथ पेश गर्नु पर्ने कागजाहरु:- इच्छुक उम्मेद्वारले उल्लेखित मिति भित्रमा व्यक्तिगत विवरण नाागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताको प्रमाणपत्रहरु, अनुभवका प्रमाणपत्रहरु संलग्न गरी आवेदन दिन सकिने छ ।
६. आवेदन शुल्कः- रु. ५००।(पाँच सय) नेपाल बैक लिमिटेड धुन्चे शाखामा रहेको कालिका गाउपालिकाको संचित कोष खातामा जम्मा गरेको सक्कल भौचर आवेदनसाथ पेश गर्नु पर्ने छ ।
७.छनौटका आधारहरु:- उम्मेदवार छनौटको आधार देहायको सूचकको आधारमा गरिने छ ।

| सि.न. | छनौटका आधार | पूर्णाङ्क | कैफियत |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १ | शैक्षिक योग्यता | ३० | |
| २ | कार्य अनुभव(न्युनतम योग्यता प्राप्त भए पश्चात) | ४० | |
| ३ | उम्मेद्वारको स्थायी ठेगाना | १० | |
| ४ | उम्मेद्वारले अपेक्षा गरेको तलब सुविधा | २० | |

८.तलब स्केलः- अपेक्षा गरिएको तलब आपसी सम्झौता अनुसार ।

९.करार अवधिः- २०७५ साल आषाढ मसान्तसम्म

१०.अन्य विषयमा उम्मेद्वार छनौट तथा सिफारिस समितिले तोके वमोजिम हुनेछ ।